| श्रमबाट समृद्धि, समृद्धिबाट सुख | सुलभ कर्जा, युवालाई स्वरोजगार, उत्पादनशील लगानी विकासको आधार | विदेश होइन स्वदेश मै श्रम गरौं, समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय अभियानमा सहभागी बनौं । |
|---|---|---|

**नेपाल सरकार**

**युवा तथा खेलकुद मन्त्रालय**

**युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय, अनामगनर, काठमाडौं**

**सहकार्यमा आधारित साझेदारी कार्यक्रम अन्तर्गत थोक कर्जा लिन चाहने सहकारी संस्थाहरुलाई जरुरी सूचना**

गोरखापत्रमा प्रकाशित मिति :२०७८/०४/२८

कोषले प्रदेश र स्थानीय तह (म.न.पा., उप म.न.पा., न.पा., गा.पा.) सँग साझेदारी कार्यक्रम मार्फत स्वरोजगार सिर्जना गर्ने कार्यक्रम अगाडि बढाएको छ । उक्त कार्यक्रम अन्तर्गत कोषले ऋण सम्झौता गरेको प्रदेश र स्थानीय सरकार (म.न.पा., उप म.न.पा., न.पा., गा.पा.) मा कार्यक्षेत्र भएका संस्थाहरुले मात्र कर्जा प्रस्ताव पेश गर्न सक्नेछन् । कोषको कर्जा मापदण्डहरु पूरा गरेका इच्छुक संस्थाहरुले आ.व. २०७८/०७९ सम्म तोकिएका कागजात संलग्न राखी कर्जा प्रस्ताव फारम पूर्ण रुपमा भरी कोषसँग कर्जा सम्झौता भएका स्थानीय तहमा वा जिल्लास्थित कोषको सम्पर्क कार्यालयमा वा कोष सचिवालय काठमाडौंमा कर्जा माग प्रस्ताव पेश गर्न सूचित गरिएको छ ।

**१. कर्जा प्रस्ताव पेश गर्ने सहकारी संस्थाहरुले पुरा गर्नुपर्ने मापदण्डहरु:**

(१) संस्थाको कार्यक्षेत्र, शेयर पुंजी, सदस्य संख्या र सञ्चालन अवधि

| क.सं. | कार्यक्षेत्र | शेयर पुंजी (लाखमा) | शेयर सदस्य संख्या (जना) | सञ्चालन अवधी (वर्ष) |
|---|---|---|---|---|
| १ | महानगरपालिका | १० | ५०० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले दुई वर्ष पूरा गरेका एवं आ.व. २०७६/७७ र २०७७/७८ मा बचत/नाफामा रहेको । |
| २ | उप–महानगरपालिका | ८ | ४०० | |
| ३ | नगरपालिका | ५ | ३०० | |
| ४ | गाउँपालिका | २ | १०० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले एक वर्ष पूरा भई आ.व. २०७७/७८ मा बचत/नाफामा रहेको । |
| ५ | महानगर/उप-महानगर/नगरपालिका उत्पादनमूलक | २ | १०० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले एक वर्ष पूरा भई आ.व. २०७७/७८मा बचत/ नाफामा रहेको । |
| ६ | गाउँपालिका उत्पादनमूलक | १ | ५० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले एक वर्ष पूरा भई आ.व. २०७७/७८ मा बचत/नाफामा रहेको । |
| ७ | दुर्गम (हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, अछाम, बझाङ, बाजुरा र जाजरकोट) सहकारी संस्थाहरु | १ | ५० | संस्था दर्ता भई सञ्चालनमा आएको मितिले एक वर्ष पूरा गरेको हुनु पर्नेछ । |

(२) २०७८ आषाढ मसान्तसम्मको लेखापरीक्षण सम्पन्न भई संस्था सञ्चित नोक्सानीमा नरहेको हुनु पर्नेछ ।